# महिला सुरक्षा १३२५

(बुझ्ने प्रयास)

सन् २००० को अक्टोवर ३१ मा संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्ले महिला शान्ति र सुरक्षा सम्बन्धमा निर्णय १३२५ पारित गऱ्यो । प्रस्ताव १३२५ संयुक्त राष्ट्रको यस्तो निर्णय र प्रतिवद्धता हो जसले द्वन्द्व र युद्धवाट महिला र बालिकामा पर्ने प्रभाव र शान्ति प्रयासमा तिनीह्रुको भुमिका सम्बन्धमा विशेष महत्व राख्दछ ।

**बुँदागत रुपमा भन्नुपर्दा निर्णय १३२५**

१. महिला र बालिकाको अधिकारको सम्मान र सुरक्षा ।
२. शान्ति स्थापनामा महिलाको सक्रिय भुमिका ।
३. शान्ति स्थापनार्थ खटिएका सबैलाई लैङ्गिक सम्वेदनशिल प्रशिक्षण ।
४. लैङ्गिक पक्षलाई मूलधार मानि संयुक्त राष्ट्रमा गरिने द्वन्द्व, शान्ति र सुरक्षा सम्बन्धी रिर्पोटिङ र त्यसको कार्यान्वयन ।

**संयुक्त राष्ट्र सुरक्षा परिषद् निर्णय किन महत्वपूर्ण छ ?**

सुरक्षा परिषद निर्णय संयुक्त राष्ट्र र त्यसका सदस्य राष्ट्रहरुले गरेको यस्तो वचनबद्धता हो जसले कुनै विषेश विषयमा कार्य गराउछँ । यस्ता विषय कार्यान्वियन गर्न राज्य बाध्य हुने अपेक्षा गरिन्छ । राज्यलाई निर्णय १३२५ मा गरिएका वचनबद्धताप्रति उत्तरदायी गराउन विश्वभरिका महिलासँग सम्बन्धित संघ संस्थाहरु तथा शान्ति समूहहरु कार्य गरिरहेका छन् ।

**प्रस्ताव १३२५ सर्मथन गर्नेहरुको दायित्व**

यी चारै कार्यक्षेत्रलाई सम्बोधन गर्न यस निर्णयले संयुक्त राष्ट्र महासचिव, सुरक्षा परिषद, सदस्य राष्ट्रहरु र सशस्त्र द्वन्द्वरत सबै पक्षलाई १८ बुदैं निर्देश गरेको छ ।

१. युद्धको रोकथाम, व्यवथापन तथा निवारणको राष्ट्रिय, क्षेत्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुको सबै निर्णायक तहमा महिलाहरुको पनि प्रतिनिधित्व बढाउन सबै राज्यहरुसँग अनुरोध गर्दछ ।

२. शान्ति स्थापनाका लागि संयुक्त राष्ट्र संघका महासचिवलाई उहाँको रणनीतिक कार्ययोजनाको (A/49/587) कार्यान्वयन गर्दा युद्ध निवारण तथा शान्ति स्थापना सम्बन्धी कार्यक्रमहरुको निर्णायक तहमा महिलाहरुको प्रतिनिधित्व बढाउन प्रोत्साहित गर्दछ ।

३. महासचिवसँग राष्ट्र संघीय विशेष प्रतिनिधि तथा दुतहरु नियुक्त गर्दा महिलाहरुलाई पनि राम्रो स्थानहरु प्रदान गर्न तदारुकता देखाउन अनुरोध गर्नुका साथै सदस्य राष्ट्रहरुसँग महासचिवको पदमा पनि महिलालाई उठाउन प्रोत्साहित गर्नुका अतिरिक्त नियमित रुपमा महिलाको पनि पालो आउने गरी केन्द्रिय आरक्षण पात्रो (रोष्टर) बनाउन अनुरोध गर्दछ ।

४. संयुक्त राष्ट्र संघका स्थलगत ( Field based) कार्यक्रमहरु खासगरी सैनिक पर्यवेक्षण, जनप्रहरी, मानव अधिकार तथा मानवीय कार्यक्रमहरुमा जनशक्ति नियुक्त गर्दा महिलाको भूमिका तथा योगदानलाई अझ बृहत रुपमा अगाडि बढाउन महासचिवसँग अनुरोध गर्दछ ।

५. शान्तिस्थापना सम्बन्धी कार्यक्रमहरुमा लैङ्गिक अवधारणालाई पनि समावेश गर्ने दृढता देखाउदै महासचिवसँग सम्भव भएसम्म स्थलगत कार्यक्रममा लैङ्गिक पक्ष पनि समावेश गराउन अनुरोध गर्दछ ।

६. शान्ति स्थापना मापन तथा यस सम्बन्धी क्रियाकलापमा महिला सहभागिताको आवश्यकता, महिला अधिकारको संरक्षण र अन्य विशिष्ट आवश्यकता सम्बन्धी सामग्री निर्माण तथा तालिम सञ्चालन गर्न सदस्य राष्ट्रहरुसँग सेना तथा प्रहरीहरु परिचालनको तयारीको लागि राष्ट्रिय तालिम कार्यक्रमहरुमा माथि उल्लेखित तथा एच. आई. भि. (एड्स) सम्बन्धी जानकारीमूलक सामाग्रीहरु पनि समावेश गराउन सदस्य राष्ट्रहरुसँग अनुरोध गर्दछ । साथै शान्ति स्थापना कार्यक्रममा संलग्न अन्य गैर सैनिक नागरिकहरुलाई पनि उपरोक्त प्रकारका तालिमहरु प्रदान गर्न व्यवस्था मिलाउन अनुरोध गर्दछ ।

७. लैङ्गिक संवेदन तालिमहरु सञ्चालनका लागि विशेष कोष तथा कार्यक्रमहरु, संयुक्त राष्ट्र संघीय महिला कोष, बाल कोष, संयुक्त राष्ट्र संघीय शरणार्थीका लागि उच्च आयोग लगायतका संघ संस्थाहरुद्वारा गरिएका प्रयासहरुमा आर्थिक, प्राविधिक तथा अन्य स्वयंसेवी सेवामा बृद्धि गर्न सदस्य राष्ट्रहरुसँग अनुरोध गर्दछ ।

८. शान्ति स्थापनाको लागि वार्ता तथा शान्ति सम्झौता लागू गर्दा क्रियाशील रहने सवै पक्षलाई उपरोक्त क्रियाकलापमा लैङ्गिक अवधारणलाई पनि आत्मसात गर्दै निम्न बमोजिम गर्न आव्हान गर्दछ :

क. युद्ध पश्चातको पुर्ननिर्माण, पुनस्थापन तथा पुनर्गमनको समयमा महिला तथा वालवालिकाहरुको विशिष्ट आवश्यकतालाई आत्मरात गर्न,

ख. युद्ध समाप्तिका लागि आन्तरिक प्रक्रिया तथा स्थानीय महिलाद्वारा गरिएका शान्ति प्रयासहरुमा सहयोग पुऱ्याउनुको अलावा शान्ति सम्झौता कार्यान्वयन प्रक्रियामा महिलाको सहभमगिता सुनिश्तित गर्ने मापदण्डको निमार्ण गर्न ,

ग. महिला तथा बालिकाहरुको मानव अधिकारको सम्मान तथा संबर्द्धन सुनिश्चित गर्न संवैधानिक, चुनावी, प्रहरी तथा न्यायिक मापदण्डको व्यवस्थापन गर्न,

९. शसस्त्र संघर्षमा संलग्न सवै सदस्य राष्ट्रहरुलाई महिला तथा वालिकाहरुको अधिकार संरक्षणको लागि अर्न्तराष्ट्रिय कानुनहरुको पालना गर्न अझ खासगरी नागरिकहरुको रुपमा १९४९ को जेनेभा सम्झौताद्वारा प्रत्याभूत अनिवार्यताहरु र १९७७ को अतिरिक्त बडापत्रमा उल्लेखित बुदाँहरू महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धि १९७९ र ऐच्छिक वडापत्र ( Optional Protocol ) १९९९, वाल अधिकाका लागि संयुत्त, राष्ट्र संघीय घोषणपत्र १९८९ र मेइ २५, २००० का दुई एच्छिक वडापत्रहरुको

सम्मान गर्न आवहान गर्नुको साथै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम प्रतिमूर्ति (Rome Statute) तथा यसमा भएका व्यवस्थाहरुलाई आत्मसात गर्न पनि आवहान गर्दछ ।

१०. शसस्त्र संघर्षमा संलग्न सबै पक्षहरुलाई, महिला तथा वालिकाहरु विरुद्ध लैङ्गिक आधारमा हुने हिंसा विषेशगरी यौन शोषण तथा वलात्कार जस्ता क्रियाकलापबाट बचावट गर्न आवश्यक उपायहरु अवलम्वन गर्न आवहान गर्दछ ।

११. महिला तथा वालिकाहरुमाथि हुने यौन तथा अन्य शोषणहरु लगायत आम हत्यामा संलग्न दोषीहरुमाथि कानुनी कार्यवाही, मानवीयता विरुद्ध हुने अपराध, युद्ध अपराध तथा दण्डहिनताको अन्तयका लागि सबै राज्यहरुले निर्वाह गर्नुपर्ने दायित्वमागि जोड दिदैं यदि सम्भव भएसम्म आममाफीको व्यवस्थाबाट समेत यस्ता दायित्वहरु निर्वाह गर्न अनुरोध गर्दछ ।

१२. नोभेम्बर १९९८ को निर्णय नं. १२०८ (१९९८), १९ अप्रिल, २००० को निर्णय नं. १२९६ लाई पुनस्मरण गर्दै शसस्त्र संघर्षमा संलग्न सबै पक्षहरुलाई गैर सैनिक जनसमुदाय तथा मानवीय प्रकृतिका शरणार्थी पशपज। तथा स्थानहरुको सम्मान गर्नुका साथै त्यस्ता स्थानहरु संरचना गर्दा महिला तथा वालिकाहश्रको आवश्यकतालाई पनि समावेश गर्न आव्हान गर्दछ ।

१३. निशस्त्रीका़ण, सेना परिचालनको अन्त्य तथा विस्थापनको यनेजना तर्जुमा गर्दा संलग्न अधिकारीहरुलाई विस्थापनबाट भूतपूर्व सैनिक, महिला तथा पुरुष कर्मतारी तथा उनीहरुमाथि आश्रितमा पर्ने असर तथा आवश्यकतालाई मध्यनजरगर्न प्रोत्साहित गर्दछ ।

१४. संयुक्त राष्ट्र संघीय वडापत्रको धारा १४ को मापदण्डलाई अनुमोदन गर्नुको साथै यसको स्वीकारोक्तिको लागि तत्परता व्यक्त गर्दछ , साथै यसबाट सर्वसाधारण जनतामा पर्न सक्ने प्रभमवलाई आत्मसात गर्दै महिला तथा वालिकाहरुको विशिष्ट आवश्यकता पूर्तिको लागि उपयुक्त मानवीय छुटहरुतर्फ पनि ध्यान पुऱ्याउने सदिच्छा व्यक्त गर्दछ १५. सुरक्षा परिषदका विविध नियोगहरुमा लैङ्गिक पक्षको समायोजन महिला अधिकारको प्रतिरक्षाको स्थायित्वको लागि अन्तर्राष्ट्रिय महिला समूहहरुसगँ समेत परामर्श लिने सदिच्छा व्यक्त गर्दछ ।

१६. शसस्त्र संघर्षबाट महिला तथा वालिकाहरुमा पर्ने असर तथा शान्ति स्थापनाका लाथि महिलाको भूमिका तथा शान्ति प्रक्रिया र द्वन्द्व व्यवस्थापनमा लैङ्गिक अवधारणा सम्वन्धी अध्ययन अनुसन्धान कार्यक्रम संचालन गर्न आमन्त्रण गर्नुका साथै अध्ययनबाट निर्सकिएको निष्कर्षलाई सुरक्षा परिषद तथा संयुक्त राष्ट्र संघीय सदस्य राष्ट्रहरुलाई उपलव्ध गराउन अनुरोध गर्दछ ।

१७. महासचिवज्यूसँग उहाँका प्रतिवेदनहरुमा सम्भव भएसम्म शान्ति स्थापना अभियानमा लैङ्गिक मूलधार र महिला तथा वालिकाहरु सम्बन्धी अन्य क्षेत्रमा भएका प्रगतिहरुको विवरण सुरक्षा परिषद् समक्ष पेश गर्न गर्न अनुरोध गर्दछ ।

१८. यस क्षेत्रमा सक्रियतापूर्वक लागि रहन पनि प्रण गर्दछ ।
*(माथि उल्लेखित १८ बुँदाको अनुवाद सहयोग- इरिकन)*

**निर्णय १३२५ अनुसार सुरक्षा परिषद्को प्रतिवद्धता**

- द्वन्द्व समाधान र शान्ति प्रक्रियाको निर्णायक तहमा महिलाको सहभागिता बढाउने,
- संयुक्त राष्ट्रको फिल्ड मिसनहरुमा सैनिक निरीक्षक, प्रहरी, मानव अधिका। अधिकृतको माथिल्लो ओहदामा बढी महिला नियुक्त गर्ने,
- महिला र वालिकाको अधिकार र सुरक्षा सम्बन्धमा लैङ्गिक संवेदनशील प्रशिक्षण, निर्देशिका र सामाग्रीहरु प्रदान गर्ने,
- शसस्त्र द्वन्द्वले महिला र वालिकामाथि पारेको प्रभाव, शान्ति स्थापनामा महिलाको भूमिका, शान्ति स्थापनार्थ खटिएका सबैलाई लैङ्गिक संवेदनशील प्रशिक्षण सम्वन्धमा संयुक्त राष्ट्रले अध्ययन गराउने,

**सशस्त्र द्वन्द्वरत पक्षहरुलाई निर्णय १३२५ को अनुरोध**

- महिला र वालिकाको अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय कानुनको पालना गर्ने,
- संघर्षमा संलग्न पक्षले महिला तथा वालवालिका माथि हुने हिंसा र खासगरि यौन शोषण र वलात्कार जस्ता क्रियाकलापबाट बच्न बचायन आवश्यक उपाय अपनाउने,
- द्वन्द्व, शान्ति र सुरक्षाको अवस्थामा महिला र बालिकाको आवश्यकतामाथि विशेष ध्यान दिने,
- स्थानिय महिलाहरुको शान्ति प्रयासलाई समर्थन जुटाउन र महिलालाई शान्ति स्थापनाको प्रत्येक अवश्थामा सहभागि गराउने,

# के तपाईले सुरक्षा परिषद् प्रस्तावना : १३२५ को बारेमा सुन्नु भएको छ ?

## धेरैले यसवारे सुनेका छैनन् .. तर सबैले यस विषयमा जानकारी पाउनु आवश्यक छ। किन ? यसले के फरक पर्छ र ?

संयुक्त राष्ट्रका सदस्य राष्ट्रहरुले यस निर्णयलाई कार्यान्वन गर्ने अपेक्षा गरिन्छ । नेपाललगायत विश्वभरिका महिला संघ संस्थाहरु र शान्ति समूहहरुले १३२५ मा उल्लेखित कुराहरु प्रति जवाफदेही हुन सरकारमाथि दवाव दिइरहेका छन् ।

यो प्रयास विभिन्न स्थानमा विभिन्न तरिकाले हुदैछ । पहिलो कुरा त १३२५ लाई विभिन्न भाषामा अनुवाद गरिदैछ । यसले महिला तथा बालबालिकाहरुलाई यसले भनेका कुरा बुझ्न मद्दत गर्नेछ । विश्वभरिका महिल संघ संस्थाहरुले १३२५लाई महिला , शान्ति र सुरक्षा सम्बन्धमा मानिसलाई जागरुक बनाउन एउटा आधार (फेम्र वर्क ) को रुपमा लिएका छन् । तिनीहरुले यसलाई आफ्नो सरकारलाई प्रभाव पार्न वकालत गर्ने र विभिन्न संघ संस्थामा सिफारिस गर्न प्रयोग गरेका छन् । नेपालमा हामी यही काम गदैर्छौं ।
१३२५कार्यान्वन भएमा सुरक्षा परिषद्ले गर्ने प्रत्येक निर्णयमा द्वन्द्वमा महिला र बालिकाको अनुभवलाई समेटिनेछ । संयुक्त राष्ट्रले आफ्ना सबै फिल्ड मिसनहरुमा महिला र बालिकालाई पनि सम्बोधन गर्नेछ । उनीहरुको भाविष्य प्रभावित पार्ने शान्तिवार्ता वा प्रक्रियामा महिलालाई महत्वका साथ सहभागि गराउनेछ ।

### त्यसो भए मैले यसलाई कसरी उपयोग गर्ने त ?

१३२५ लाई एउटा यस्तो आधारको रुपमा प्रयोग गर्न सकिन्छ जसवाट व्यक्तिहरु, गैरसरकारी संस्थाहरु, सरकारहरु, अन्तर्राष्ट्रिय निकायहरुलाई द्वन्द्व, शान्ति र सुरक्षासम्बन्धी हरेक पक्षमा महिलाको सहभागिताको वकालत गर्न सजिलो होस् । नेपालमा हामीहरु पनि राजनैतिज्ञहरुलाई यो सोध्न सक्छौ कि " तिमीहरुले १३२५ सम्बन्धमा के के काम गरेका छौ ? " अथवा "भविष्यमा के के गर्न सक्छौ " "नेपाल सरकारले आफ्नो बचनवद्धता कति पुरा गऱ्यो ? " हामी १३२५ लाई विभिन्न कार्यक्रमहरु जस्तो - कार्यशाला, गोष्ठी र छलफलको आधारको रुपमा प्रयोग गर्न सक्छौ ।

### तर बालिका र कम उमेरका महिलाले यसमा कसरी कार्य गर्ने त ?

- अहिलेसम्म यसको कार्यान्वयनमा वा बढी योगदान रहदै आएको छ । तर १३२५ सम्बन्धमा बालिका र यूवा महिलाहरुले गर्नुपर्ने विशेष काम छ उमेरदार महिलाहरुले यसलाई आधार बनाई संगठन गर्ने वकालग तर्ने र जागरुकता बढाउने कार्य गर्दै आएका छन् । आफ्नो सहभागिता बढाएर युवा महिलाहरुले समेत यसको केही स्वामित्व ग्रहण गर्ने अवसर लिनु पर्दछ । यसवाट आफू् आफ्ना समाकालिनहरुका लगि यसको के महत्व छफ्ना समकालिनहरुका लगि यसको के महत्व छ भन्ने थाहा हुन्छ ?
- द्वन्द्वले बालिकाहरुको जिवनमा कस्तो प्रभाव पार्छ त ? भन्ने कुरा सिकेर तपाई सुरुवात गर्न सक्नुहुन्छ ( कार्यशाला गोष्ठीमा भाग लिने, अध्ययन -अनुसन्धान गर्ने )
- तपाई त्यस्ता व्यक्तिहरु, संगठनहरु जलि जेण्डरको विषयमा कार्य गर्दछन् - उनीहरुले यूवा महिलाका सम्बन्धमा के गर्दैछन् भनी सोध्न सक्नुहुन्छ ।
- तपाई अन्य संगठनहरुसँग सहकार्य गर्न सक्नुहुन्छ - जो बालिका तथा साना महिला द्वन्द्व र सुरक्षा विषयमा काम गर्दैछन् ।
- तपाई द्वन्द्वरत इलाकामा कार्यरत संस्थाहरु र यूवा महिलाविच सम्पर्क सुत्रको काम गर्न सक्नुहन्छ ।

### १३२५ लाई हामी कसरी प्रयोग गर्न सक्छौ ?

१३२५ ले व्यक्तिहरु, गैरसरकारी संस्थाहरु, सरकारहरु र अन्तर्राष्ट्रिय निकायहरुलाई एउटा यस्तो आधार दिन्छ जसका कारण द्वन्द्व, शान्ति र सुरक्षाको हरेक अवस्थामा महिलालाई सहभागी गराउनुपर्छ भन्ने वकालत गर्न सजिलो हुन्छ । नेपाल लगायत संसारका सबै मुलुकका सरकारहरुले गरेको वाचा हो यो । १३२५ कार्यान्वयन गराउनका लागि वकालत गर्ने धेरै माध्यमहरु छन् । केही निम्म अनुसार छन् ।

#### जागरण बढाउने, सुसूचित गर्ने

- १३२५ को वकालत गर्ने अस्त्रको रुपमा केही सामाग्रीको विकास गर्नुहोस्
- आफ्नो संगठनको गतिविधिवारेमा प्रेस वक्तव्य निकाल्नुहोस्
- द्वन्द्वरत क्षेत्रमा सरकारको सहभागिता र कार्यहरुको अध्ययन गर्नुहोस् ,
- महिला, शान्ति र सुरक्षा सम्बन्धमा हुने कार्यशाला, गोष्ठी र सम्मेलनम भाग लिनुहोस् ।

#### संजाल निर्माण

- अन्य संघ संस्था र व्यक्तिहरुसँग कार्यक्रम हरुमा सहकार्य गर्नुहोस् ।
- महिला, शाान्ति र सुरक्षा विषयमा सामाग्रीहरु संकलन र आदान प्रदान गर्नुहोस् ।

**यस सम्बन्धमा अरु कुरा जान्न के गर्ने ?**

त्यसका निमित्त तपाईले निम्म वेबसाइट हेर्नुभएमा थप जानकारी पाउन सकिन्छ ।

- 1325 peace women E-News : http://www.peacewomen.org/news.1325 News/1325Newsindex.html
- UNIFEM's portal on Women Peace and Security :http://www.comenwarpeace.org /
- Women War and Peace: The Independent Experts Assessment on the Impact of Armed conflict in Women and Women's Role in Reach building : http://www.unifem.undp.org/resources/as sessment /index.html
- United National Security Council Resolution 1325: http://www .peacewomen.org/un/un1325/CombinedR ecommendations.htmp
- To read the full Security Council Resolution 1325 document : http:// www.un.org/events/res_1325e.pdf
- To find out more about the impact of conflict on girls, visit the following:
- NGO Working group on Women, peace and Security Recommendations for the Secretary General's Study on women, Girls Peace and Security : http://www.peacewomen.org/un/ngo/ngos tatements/recsSGreport.html
- The Office of gender Affairs (OGA) for the UN Peacemakeeping Mission in the Democratic Republic of Congo (MONUC): http:/www.monuc.org /gender/
- Women, Peace and Security: Study submitted by the Secreatart General Pursuant to Security Council Resolution 1325(2000) : http:/www.un.org/womenwatch/daw.publ ic/eWPS.pdf

**नेपाली महिलामा द्वन्द्वले पारेको असर**

- वर्तमान अवस्थामा भइरहेको द्वन्द्वले नेपाली महिलामा ठूलो असर पारेको छ ।
- हिंसाका काण धेरै महिलाहरुले आफ्नो ज्यान गुमाएका छन् भो हजारौं महिलाहरु विधवा भएका छन् ।
- पतिविहीन भएका महिलाहरुमा यौन पेसा वा बेचबिखनमा पर्ने जोखिम बढी हुन्छ किनभने उनी र उनको परिवारका लागि आयआर्जन गरिदिने कोहि हुदैन ।
- पुरुष पलायन भएका स्थानहरुमा महिला एक्लो भएका छन् र आफ्नो परिवार बचाउन आफैले कमाउनु परेको छ ।
- एक्लिएका महिलाहरुमा यौन शोषण र बलात्कारको सम्भावना बढेको छ, उसले महिला र उनको समुदायमा गहिरो मानसिक चोट पुऱ्याएको छ ।
- माओवादी युद्धका कारण हजारौं महिला तथा वालवालिकाले आफ्नो समुदाय त्याग्नु परेको छ साथै परिवार तथा सामुदायिक सञ्जाल भताभुङ्ग भएको छ, मानिसहरु कि त युद्धमै सामेल भएका छन् वा परिवा माल्न वैकल्पिक रोजगार खोजी गर्दै अन्यत्र पलायन भएका छन् ।
- आर्थिक कठिनाइ र दुर्व्यवहार खप्न नसकेर धेरै महिलाहरु ठूला शहरतिर पलायन भएका छन् । बढ्दो असुरक्षा र आक्रमण हुने भयले महिला धपाउने कारण भएको छ ।
- द्वन्द्वको कारण चेलीबेटी बेचविखन बढेको छ । बीस हजारभन्दा बढी चेलीहरु भारतमा बेचिएका छन् ।
- माओवादी हिंसा सुदूर इलाकाहश्रमा बढी छ र बेचविखन पीडित महिलाहरु प्रायः यिनै इलाकाका छन् ।
- पाचँ भागको एक भाथ विद्रोही लडाकूहरु महिला छन् । धेरै विद्रोही महिलाहरु युद्ध मैदानबाहिर पनि कार्यरत छन् ।
- युद्धमा वालवालिकालाई सैनिकको रुपमा प्रयोग गरिएको छ ।
- माओवादीतर्फ लागेको आशंकामा वा आफ्ना छोराछोरीको वारेमा जानकारी नदिएको आरोपमा महिलाहरुलाई सामुहिक वलात्कार गर्ने र ज्यान समेत लिने गरिएको पाइएको छ ।
- सेभ द चिल्ड्रेनको “विश्वका आमाहरुको अवस्था २००३”ले बनाएको द्वन्द्व बचावट स्कोर कार्डले पहिलोपटक द्वन्द्वरत इलाकामा रहेका महिला, वालिका र वालकहरुको सुबिधाको लागि अति आवाश्यक सुरक्षा आवश्यकताहरुको पहिचान गरेको छ । यौनजन्य हिंसा र शारीरिक पीडा, बेचबिखन र यौन पेशा, सेनामा भर्ती, मानसिक आघात, परिवारबाट अलग्याउने कार्य र क्याम्पमा गरिने दुर्व्यवहारबाट यिनीहरुलाई रक्षा गरिनुपर्दछ । स्कोर कार्डमा नेपालले पाएको नकारात्मक ६५ अङ्कले के देखाउछ भने नेपाल बढी सुरक्षा आवश्यकता भएको वर्गमा पर्दछ, तर यहाँका महिला तथा वालवालिकाले त्यस्तो अति आवश्यक सुरक्षा प्राप्त गर्न सकेका छैनन् ।
- सिविन (कन्सर्न सेन्टर फर चाइल्ड वर्कस इन नेपाल) अनुसार द्वन्द्वको सीधा परिणामस्वरुप करिव १५० वालवालिका मारिएका छन्, ४००० भन्दा बढी पलायन भएका छन् र २००० जना टुहुरा भएका छन्